
# लेखापरीक्षण प्रतिवेदन

# मोदी गाउँपालिका, पर्बत

आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मोदी गाउँपालिका, पर्बत

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/728

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पर्वत।

**कैफियतसहितको राय**

हामीले त्यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को आर्थिक विवरण /प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरण) को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को (आर्थिक विवरण ) वा (आय व्यय विवरण) ले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम वा (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४ करोड ६० लाख ८४ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ५ लाख ६० हजार, सडक बोर्डको रु.२१ लाख २२ हजार, जिल्ला समन्वय समितिको रु. १२ लाख, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २७ लाख ३५ हजार,उर्जा जलस्रोत खानेपानी मन्त्रालयवाट प्राप्त रु. १ लाख ५० हजार समेत रु. १५ करोड २८ लाख ५१ हजार सुत्रमा समावेश गरेको छैन।

२.पालिकाको रु.१ अर्ब २ करोड ३१ लाख ८९ हजार लेखापरीक्षण गरिएकोमा रू २ करोड ८१ हजार बेरुजू रहेको छ। ऐनको म्याद भित्र पालिकाबाट प्रतिक्रियाको लागि म्याद थप आग्रह नगरेकोले संपरीक्षण हुन सकेन । यस वर्षको बाँकी बेरुजु रु.२ करोड ८१ हजार मध्ये असुल गर्नुपर्ने रू ८ लाख ८४ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५७ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु.६९ लाख ७५ हजार र पेस्की बाँकी रु.६४ लाख २५ हजार रहेको छ। गत वर्षसम्म रु.१६ करोड ६४ लाख ३४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ६५ लाख १५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४ र १७ साथै राजस्व र सम्पत्ति दायित्वको खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने त्यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य ब्यहोरा:**

पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | ८८ | २,००,८१,२७२ | ० | ० | ० | ० | ५० | ८८ | २,००,८१,२७२ | ८,८३,६१५ | ६९,७५,४६१ | ५७,९६,७४१ | ० | ० | १,२७,७२,२०२ | ६४,२५,४५६ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोदी | १६,६४,३४,००० | ० | ० | १६,६४,३४,००० | ० | २,००,८१,२७२ | १८,६५,१५,२७२ |

# (८०४४२५०४३०० - मोदी गाउँपालिका, पर्वत )

# मोदी गाउँपालिका , पर्वत

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस मोदी पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मोदी गाउँपालिकाको उद्देश्य रहेको छ । यस मोदी पालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १४३.५९ वर्ग किलोमिटर क्षेत्रफल तथा २१२८४ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१४ देखि २०८१।०६।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** मोदी गाउँपालिकाको रु.१ अर्ब २ करोड ३१ लाख ८९ हजारको लेखापरीक्षण गरिएको छ ।

**स्थानीय संचित कोषको अवस्था:- आर्थिक वर्ष २०८०।८१**

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | **गतवर्षको जिम्मेवारी** | २४३८३५४२ | १. | **चालु** | ४०५६४२९४६ |
| | बैंकमौज्दात | २४३८३५४२ | २. | **पूँजीगत** | ९८५४७६६४ |
| २. | यसवर्षको धरौटी आम्दानी | २५७२८१३ | ३. | **धरौटीफिर्ता** | १०७१५४५ |
| ३. | **आन्तरिकराजश्व आम्दानी** | | ४. | **कोषखर्च** | |
| | आन्तरिकराजश्व | ११२६७८२३ | | मर्मतसम्भार कोष | ० |
| | राजश्वबाँडफाँड प्रदेश सरकार | ७३८२२०१ | | प्रकोपव्यवस्थापन कोष | ० |
| | राजश्वबाँडफाँड संघीय सरकार | ८७४८३३३३ | | कर्मचारीकल्याण कोष | ० |
| | राजस्ववाँडफाँड स्थानिय | २०७५४३५ | ५. | विविधखर्च खाता | ११८४७७३४ |
| ४. | **संघीयसरकारबाट प्राप्त अनुदान** | | | **<u>मौज्दात</u>** | |
| | वित्तीयसमानिकरण अनुदान | ८७३२७००० | | बैंकमौज्दात | ४८२९८३७ |
| | सशर्तअनुदान चालु | २६९७९४७५३ | | धरौटीमौज्दात | ६३१४७७१ |
| | ससर्तअनुदान पुजिगत | ६२९५८८२ | | कल्याणकोष खाता | ० |
| | समपुरकअनुदान | ६३९६००० | | विविधखर्च खाता | १८२०२३१ |
| | विशेषअनुदान | ० | | प्रकोपव्यवस्थापन खाता | ३८७९४३ |
| ५. | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | | | मर्मतसम्भार खाता | ० |
| | वित्तीयसमानिकरण अनुदान | ८८२०७५० | | **विषयगतनिकायबाट प्राप्त रकम** | |
| | सशर्तअनुदान | | | सडकबोर्ड नेपाल | २१२१६३४ |
| | समपुरकअनुदान | २४९७५४३ | | जिल्लासमन्वय समिति | १२००००० |
| | विशेषअनुदान | ६०००००० | | सामाजिकसुरक्षा | १४६०८४५३२ |
| ६. | **विभिन्नकोष तर्फको आय** | | | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | २७३५००० |
| | मर्मतसम्भार कोष | ० | | गरिवसंग विश्वेश्वर कार्यक्रम | ५५९८९९ |
| | प्रकोपव्यवस्थापन कोष | ३८७९४३ | | उर्जाजलश्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेस | १४९६०८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | कर्मचारीकल्याण कोष | ० | | | |
| | विविधखर्च खाता | ७७७७६५३ | | | |
| ७. | **विषयगतनिकायबाट प्राप्त रकम** | | | | |
| | सडकबोर्ड नेपाल | २१२१६३४ | | | |
| | जिल्लासमन्वय समिति | १२००००० | | | |
| | सामाजिकसुरक्षा | १४६०८४५३२ | | | |
| | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | २७३५००० | | | |
| | गरिवसंग विश्वेश्वर कार्यक्रम | ५५९८९९ | | | |
| | उर्जाजलश्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेस | १४९६०८ | | | |
| | | | | | |
| | **जम्मा** | ६८३३१३३४४ | | **जम्मा** | ६८३३१३३४४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रणः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका व्यहोराहरु तपशिल बमोजिम छन् -

आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा महानिर्देशनालयवाट जिन्सी निरीक्षण, योजना अनुगमन निरीक्षण, पाम्सको प्रयोग, उपभोक्ता समितिमार्फत कार्य,गुनासो सुनुवाई, वरवुझारथ, नागरिक वडापत्र, कर्मचारीको कार्यविवरण, सार्वजनिक सुनुवाई, संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसम्पादन करार, जिन्सी निरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण लगायतका २९ सुचक तयार गरी फारमको विकास गरिएको र यसमा कार्यालयको धारणा छ/ छैन/ जानकारी नभएको भनी प्रश्नावली तयार गरिएकोमा ११ सुचकमा छैन भन्ने जवाफ दिएको १८ सुचकमा परिपालना भएको र थाह नभएकोमा केही प्रतिकृया प्राप्त भएन । जसअनुसार कुल सुचकमा ११ सुचकको परिपालना नभएको अर्थात ३८ प्रतिशत कार्यान्वियनमा नल्याएको ६२ प्रतिशत कार्यन्वयनमा ल्याएको र थाह नभएकोमा कुनै प्रतिकृया प्राप्त भएन । तसर्थ उपरोक्त तथ्यको आधारमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजन भएको देखिएको छ । पालिकाले कमजोर देखिएका सुचकहरुमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।




३ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा, ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०/०३/१० गते रु. ६२ करोड ६५ लाख २ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३/१८ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ६३,२९,३९,००० | ४६,१९,७४,५०० | ७३% | १७,०९,६७,५०० | २७% |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ६३,२९,३९,००० बजेट विनियोजन भएको मध्ये चालु तर्फ रु. ४६,१९,७४,५०० (७३ प्रतिशत) र पूँजीगत तर्फ रु. १७०९६७५००(२७ प्रतिशत) बजेट विनियोजन भएको छ । पालिकाले चालु वजेटको तुलनामा पुंजिगत वजेटको हिस्सा वढाउन तर्फ कदम चाल्नुपर्दछ ।

५ **घाटा वजेटः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा सीमा निर्धारण समिति साथै दफा ६७ मा वजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था छ। पालिकाले वजेट तर्जुमा गर्दा प्राप्त हुने आन्तरिक आय, राजश्व वांडफाँटवाट प्राप्त हुने रकम, अनुदान अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा वजेट सीमा निर्धारण गर्नुपर्ने छ। यस वर्ष पालिकाको वजेट प्रक्षेपण खर्च र मौज्दात स्थिति देहाएअनुसार छ ।

| क्र सं | विवरण | रकम |
|---|---|---|
| १ | मौन्दात रकम | २४३८३५४२ |
| २ | यो वर्ष आम्दानि रु. | ६५८९२९८०२ |
| ३ | कुल आम्दानी रु (१+२) | ६८३३१३३४४ |
| ४ | कुल खर्च रु. | ५१७१०९८८९ |
| ५ | विषयगत निकायको खर्च | १५२८५०६७३ |
| ६ | कोष तर्फको मौज्दात | ८५२२९४५ |
| ७ | संचित कोषको वैंक मौज्दात | ४८२९८३७ |
| ८ | कुल मौज्दात तथा खर्च (४+५+६+७) | ६८३३१३३४४ |
| ९ | भुक्तानी वांकी | ५२०९९७२९ |
| १० | खुद घाटा वजेट (९-७) | ४७२६९८९२ |

उपरोक्तानुसार पालिकाको यो वर्षको कुल आम्दानी रु. ६८ करोड ३३ लाख १३ हजार रहेकोमा खर्च तर्फ रु. ६६ करोड ९९ लाख ६० हजार भई रु. ४८ लाख २९ हजार संचित कोष तर्फको मौज्दात वांकी देखिएको छ। संचित कोषवाट कुल भुक्तानी हुन वांकी रु. ५ करोड २० लाख ९९ हजार भई समग्रमा खुद रु. ४ करोड ७२ लाख ६९ हजार घाटा वजेट पेश भएको छ। पालिकाको स्रोत अनुमान यथार्थपरक नहुंदा समग्र वजेट संरचनामा असर हुने देखिन्छ। जसले गर्दा दिर्घकालिन र पुँजीगत प्रकृतिका खर्चमा दायित्व वढ्दै जाँदा वित्तीय असन्तुलन कायम हुने खतरा वढ्ने भएकोले पालिकाले स्रोत अनुमान तथा खर्च पद्धति यथार्थपरक वनाउनु पर्दछ।

६ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६७ मा वजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था छ ।स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | २०९७४ | १२१२४ | २.४ |
| २ | सामाजिकविकास | ३८०५६५ | ३१६४७५ | ६२.७७ |
| ३ | पूर्वाधारविकास | ११८६५३ | ७५९५९ | १५.०७ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | १९५०९ | १५५६४ | ३.०९ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ९३२३७ | ८४०६६ | १६.६७ |
| कुल जम्मा | | ६३२९३९ | ५०४१९० | १०० |

उपरोक्तानुसार कुल खर्च मध्ये आर्थिक विकासमा २.४ प्रतिशत, सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ३.०९ प्रतिशत र पूर्वाधार विकासमा १५.०७ प्रतिशत खर्च भएको देखिंदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने पद्धतिको विकास गर्नुपर्दछ ।

७ **त्रैमासिक पूँजीगत खर्चः**

गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७९ को दफा ३४ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको

पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

(रु. हजारमा)

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २३००८ | ० | ७५९ | १५३८ | १०३९४ | ५००४ |
| २ | प्रदेश पूँजीगत | ५००० | ० | ६०० | ० | १८९७ | १८९७ |
| ३ | गाउँपालिका पूँजीगत | ८३३५८ | ० | ११८७ | २६३८२ | ५५७८७ | १३२५२ |
| | कूल खर्च | ९८५६६४ | ० | १९४६ | २८५२१ | ६८०७९ | २०१५४ |
| | खर्च प्रतिशत | ५७.६४% | ० | २% | २९% | ६९% | २०.४४% |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ६९ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र २०.४४ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिकमा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनुपर्दछ ।

८ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर सम्वन्धि व्यवस्था छ । जसमा कार्यपालिकाको स्विकृत वार्षिक वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुँजीगत शिर्षकमा पच्चीस प्रतिशत नवढाई रकमान्तर गर्न सक्ने उल्लेख रहेकोमा कार्यपालिकाका विभिन्न मितिका निर्णय अनुसार १३८ योजनामा रकमान्तर गरेको छ। यस वर्ष विनियोजित कुल पुँजीगत वजेट तर्फ रु. १७ करोड ९ लाख ६७ हजार व्यवस्था भएकोमा विनियोजन भएको रकमको कार्यक्रमगत रुपमा २५ प्रतिशत ननाघि गर्नुपर्नेमा रु. ४ करोड ७३ लाख २५ हजार अर्थात २७.६८ प्रतिशत रकमान्तर भएको देखियो। पालिकाको सर्वोच्च कानुन वनाउने संस्था गाउँसभाले पारित गरेको वजेट संरचनामा कार्यपालिकाबाट पटके निर्णय गरि खर्च गर्ने पद्धति आर्थिक विचलन तथा सुशासनको अवस्थामा ह्रास आउने देखिन्छ तसर्थ ऐनको परिधि भित्र रहेर रकमान्तर गर्नुपर्दछ।

९ **मौज्दात रकमः**

पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु. ५०,४१,९०,६१० खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु. ४८,२९,७१० मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१० **पुँजीगत बजेट तथा पूँजीगत खर्चः**

गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १७,०९,६४,५०० | ९,८५,४७,६६४ | ५७.६४% |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु. १७,०९,६४,५००विनियोजन गरेकोमा रु. ९८५४७६६४ खर्च गरेको छ जुन ५७.६४ प्रतिशत मात्र हुन आउने हुंदा पुंजिगत खर्चको हिस्सा वढाउन तर्फ पालिकाले जोड दिनुपर्दछ ।

११ **चालु बजेट तथा चालु खर्चः**

स्थानीय सरकार सञ्चलान ऐन २०७४ वमोजिम पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गर्नुपर्दछ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४,६१,९७,४५० | ४०,५६,४२,९४५.९१ | ८७.८१% |

पालिकाले यस वर्ष चालु तर्फ रु. ४,६१,९७,४५० विनियोजन गरेकोमा रु. ४०,५६,४२,९४५.९१ खर्च गरेको छ जुन ८७.८१ प्रतिशत हुन आउँछ । चालु खर्चलाई वाञ्छित सिमाभित्र राखि पुँजिगत खर्चको प्रतिशतलाई वढाउन तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१२ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । वांकी मुद्धालाई तदारुकताका साथ फछ्र्यौट गरी न्याय निरुपण गर्नुपर्दछ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ४ | ११ | १५ | १३ | २ |

उपरोक्तानुसार गत वर्षको ४ वटा यो वर्ष ११ गरि जम्मा १५ वटा मुद्धा दर्ता भएकोमा १३ वटा फछ्र्यौट भई २ वटा मुद्धा वांकी रहेको छ । फछ्र्यौट हुन वांकी मुद्धालाई तदारुकताका साथ न्याय निरुपण गर्नुपर्दछ ।

१३ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पारित भएका ऐन नियमलाई अनिवार्य रुपमा स्थानीय राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाई निर्माण भएका कानुन कार्यान्वयनको सुनिश्चितता स्थानीय सभामा हुनुपर्दछ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ३२ |
| २. | नियमावली | ३ |
| ३. | कार्यविधि तथा निर्देशिका | ६४ |
| ४. | नीत | ७ |
| | **जम्मा** | **१०९** |

१४ **मन्दिर गुम्बा र चर्च निर्माणः**

पालिका भित्र रहेका मन्दिर गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | धार्मिक स्थलको प्रकार | २०७९।०८० सम्मको संख्या | २०८०।८१ मा थप संख्या | पालिकाको अनुदान रकम | |
|---|---|---|---|---|---|
| | | | | संख्या | रकम |
| १. | मन्दिर | ६ | १० | १६ | ३७४००० |
| २. | गुम्बा | १ | | १ | ३५०००० |
| ३. | चर्च | | १ | १ | २५०००० |
| जम्मा | | ७ | ११ | १८ | ४२४००००। |

उपरोक्त विवरण अनुसार आ व २०८०।८१ मा ११ वटा धार्मिक स्थलहरु निर्माण भएको देखिन्छ। यस्ता संरचना निर्माण गर्नुपुर्व सम्भाव्यता अध्ययन संचालनको एवं त्यसको औचित्य समेत स्थापित हुने गरी कार्य सम्पादन हुनुपर्दछ ।

## १५ सेवाप्रवाहको स्थितिः

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ । यस नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका ११८६ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर के कति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ५८४ |
| मृत्यु दर्ता | २२६ |
| बसाईसराई दर्ता | ६८ |
| विवाह दर्ता | २५६ |
| सम्बन्ध विच्छेद दर्ता | ५२ |
| **जम्मा** | ११८६ |

## १६ भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलनः

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ। पालिकाले विभिन्न वडा मार्फत् संकलन गरेको ५९ वटा निवेदनमा लालपुर्जा तथा नापि कार्य कुनै पनि अगाडी वढाईएको पाईएन तसर्थः यस कार्यमा विशेष ध्यान पुर्याउनु पर्दछ ।

| क्र.स. | विवरण | घरधुरी संख्या |
|---|---|---|
| १ | भूमिहिन दलित | ८ |
| २ | भूमिहिन सुकुम्बासी | १३ |
| ३ | अव्यवस्थित बसोबासी | ३८ |
| | **जम्मा निवेदन** | ५९ |

### १७ संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माणः

नेपालको संविधान, २०७२ को धारा ५७ (६) वमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । मोदि गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

### १८ सहकारी संस्थाको विवरणः

नेपालको संविधान, २०७२ को अनुसुचि ८ मा सहकारी संस्था दर्ता संचालन सम्वन्धि अधिकारको प्रयोग गरि पालिकाले यस आर्थिक वर्षमा उपलव्ध गराएको सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा क्रृण सहकारी संस्था लि. | १ | | २२००४७०० | १९५०७३३३ | ४८७१२५११ | २२६५४३२ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ४ | | २५६५०७०० | २०१४०१४ | ३४२७७२७०० | ४४४०८९६ |
| क्रृषि सहकारी संस्था लि. | ४ | | ८९०८९७५२ | ३४९८४७५५ | ८६४००६५३ | १७४८०७४९ |
| अन्य | | | ० | ० | ० | ० |
| **जम्माः** | | | **१३६७४५१५२** | **५६५०६१०२** | **४७७८८५८६४** | **२४१८७०७७** |

पालिकाले आफ्नो कार्यक्षेत्र भित्र स्थापित सहकारीहरुमा रहेका सदस्य संख्याको विवरण अद्यावधिक गरि उनिहरुको गुनासो सुनुवाईलाई व्यवस्थित गर्नुपर्दछ।

### १९ सहकारी संस्थाको अनुगमनः

मोदि गाउँपालिकाको सहकारी ऐन, २०७५ मा दर्ता नगरी सहकारि संस्था सञ्चालन गर्न नहुने उल्लेख छ । पालिकाभित्र २०८१ आषाढभित्र जम्मा ९ सहकारि दर्ता भएको देखिन्छ । सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई

त्यस्ता सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गर्दै देखिएका कैफियत कार्यान्वयन गराउने कार्यमा गम्भिरतापूर्वक ध्यानाकर्षण हुनुपर्दछ ।

२० **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट खाना खाजा समेतमा रु. २६ लाख ९४ हजार खर्च गरेको छ । खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई तथा माईन्युटको आधारमा मात्रै खाजाखाना बापतको खर्च लेखेको छ। यसरी खर्च लेख्दा वास्तविक रूपमा कार्यालयसँग सम्बन्धित काममा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ ।

| **विविध खर्चको विवरण** | **खर्च रकम** |
|---|---|
| अतिथि सत्कार | ५,८५,०१२ |
| अन्य ज्याला | ५२० |
| चिया, खाजा तथा खाना | ६,२७,८३६ |
| छपाई तथा प्रकाशन | १,३४,८३६ |
| मसलन्द | १४,५८० |
| वडा तर्फ विविध खर्च | ९,७९,३८५ |
| विविध कार्यक्रम खर्च | ३,५१,८९५ |
| जम्मा | २६,९४,०६४ |

२१ **बैक हिसाब मिलानः**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।

| **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **फरक** |
|---|---|---|---|
| **चालु खर्च खाता** | ६००५७.२५ | १९९९३८१.२५ | १९३९३२४ |
| **पूँजीगत खर्च खाता** | ३८४०१९६ | १९००८७२ | (१९३९३२४) |
| **संचित कोष** | ७३३६६९.९५ | ९२९५८३.२५ | १९५९१३.२ |
| **आन्तरिक राजश्व** | ७६१३१ | ० | (७६१३१) |
| **जम्मा** | **४७१००५४.२** | **४८२९८३७** | **११९७८१.२** |

उपरोक्तानुसार चालु खर्च खातामा र पूँजीगत खातामा रु १९३९३२४।०० फरक देखिएकोमा पालिकाले लेखापरीक्षणका क्रममा हिसाव मिलान विवरण पेश गरेको छ । साथै संचित कोष हिसाव विवरणमा श्रेष्ताभन्दा वैंकमा रु १९५९१३.२ वढी देखिएको साथै आन्तरिक राजस्व खातामा रु ७६१३१।०० फरक परेको गरी समग्रमा रु ११९७८१.२ फरक परेकोले हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।

२२ **नक्सा दर्ता र पासः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
|---|---|---|---|
| १ | ०८०।८१ | 0 | 0 |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले कुनै पनि नयाँ नक्सा दर्ता र नक्सापास गरेको देखिएन। भवन संहिताको प्रभावकारी पालना र कार्यान्वयनलाई ध्यान दिंदै नक्सा दर्ता र पास गर्ने कार्यमा समेत ध्यान दिनुपर्दछ ।

२३ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०८०।८१ को आर्थिक कारोबारको चौमासीक रुपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाइ हालसम्म पालिकाले फछ्र्यौट गरेको छैन । अतः उक्त वेरुजु रकम असुल फछ्र्यौट गर्नुपर्ने रु

| भौ नं र मिति | व्यहोरा | रकम |
|---|---|---|
| २३५ र १२४ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। विपन्न नागरिकलाई निशुल्क औषधी उपचार गर्नका लागि विपन्न नागरिक औषधी उपचार सिफारिस समतिको वैठक मिति २०८०/०८/२४ गते बसेको देखिन्छ। भौ.न. १२४ र भौ.न. २३५ वाट एउटै माईन्युट पेश गरि दोहोरो भत्ता भुक्तानी गरेको देखिएकोले वढी भुक्तानी रकम तपशिल वमोजिमका पदाधिकारीहरु वाट असुल हुनुपर्ने रु | ३८२५ |

| क्र.स. | भौ.न. | पदाधिपदाधिकारीहरु | कर वाहेक असुल हुनुपर्ने रकम |
|---|---|---|---|
| १ | १२४ र २३५ | का.वा. अध्यक्ष विमल लामिछाने | १२७५ |
| २ | १२४ र २३५ | सदस्य राम प्रशाद शर्मा | १२७५ |
| ३. | १२४ र २३५ | सदस्य सचिव प्रकाश चन्द्र सुवेदी | १२७५ |
| जम्मा | | | ३८२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८२५ |

२४ **पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फर्स्यौट गर्ने कार्यविधि तोकेको छ । पालिकाले यस वर्ष विभिन्न व्यक्ति संस्था तथा निर्माण व्यवसायीलाई कार्य गर्न पेश्की दिएकोमा हालसम्म फर्स्यौट भएको नपाईएकोले म्याद नाघेको पेश्की फर्स्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ०८/०६/२०८० | ९ | मसलन्द तथा कार्यालय सामाग्री | नगेन्द्र सुवेदी | ० | ३५,०००.०० | ३५,०००.०० |
| २ | १३/०८/२०८० | १९२ | राष्ट्रिय सभा अध्यक्ष कप | देवी प्रसाद पौडेल | ० | १५००००. | १५००००. |
| ३ | ०१/०९/२०८० | २२६ | विपद तथा भैपरी | राजु प्रसाद भुसाल | ० | १०००००. | १०००००. |
| ४ | ०१/०९/२०८० | २२६ | आर्थिक सहायता तथा राहात कोष | राजु प्रसाद भुसाल | ० | १०००००. | १०००००. |
| ५ | ०६/०९/२०८० | २५० | विपन्न नागरिक सहायता | पुण्य कुमारी शर्मा | ० | ३०,०००.०० | ३०,०००.०० |
| ६ | ०६/०९/२०८० | २५० | विपद व्यवस्थापन कोष | पुण्य कुमारी शर्मा | ० | ८८,४५६.०० | ८८,४५६.०० |
| ७ | ०५/१२/२०८० | ५३६ | इन्धन - अन्य प्रयोजन | राजेन्द्र क्षेत्री | ० | ३५,०००.०० | ३५,०००.०० |
| ८ | २१/०१/२०८१ | ६९९ | उद्यम स्थापना तालिम (बाँस निगाला काठ ढुंङ्गा) | सिता कुमारी शर्मा | ० | २०००००. | २०००००. |
| ९ | ३१/०१/२०८१ | ७३० | बाजुङ्ग स्वास्थ्य चौकी व्यावस्थापन | गोकुल प्रसाद अधिकारी | ० | ८०,०००.०० | ८०,०००.०० |
| १० | ०२/०२/२०८१ | ७५५ | देउपुर स्वास्थ्य चौकी व्यवस्थापन | ललि माया श्रीस गुरुङ | ० | ६०,०००.०० | ६०,०००.०० |
| ११ | १३/०३/२०८१ | ९१८ | इन्धन (कार्यालय प्रयोजन) | रुद्र बहादुर के.सी | ३०,०००.०० | ० | ३०,०००.०० |
| १२ | २३/०३/२०८१ | १०६० | विपद् व्यवस्थापन खर्च | पुण्य कुमारी शर्मा | ४००००. | ० | ४००००. |
| १३ | २३/०३/२०८१ | १०६५ | विविध उपाध्यक्ष संग यूवा लक्षित कार्यक्रम | प्रकाश सुवेदी | २५००००. | ० | २५०००० |
| १४ | २४/०३/२०८१ | ३३४ | स्थानीय तहका स्वास्थ्य शाखा स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव महगी भत्ता र पोषाक भत्ता | प्रकाश चन्द्र सुवेदी | १४९६८४. | ० | १४९६८४. |
| १५ | २४/०३/२०८१ | ३३६ | स्थानीय तहका स्वास्थ्य शाखा स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव महगी भत्ता र पोषाक भत्ता | प्रकाश चन्द्र सुवेदी | १३०३२०. | ० | १३०३२०. |
| १६ | २४/०३/२०८१ | १०९० | अध्यक्ष सँग दिदीबहिनी कार्यक्रम | प्रकाश चन्द्र सुवेदी | ३०,०००.०० | ० | ३०,०००.०० |
| १७ | २४/०३/२०८१ | १०९० | संचार महसुल | प्रकाश चन्द्र सुवेदी | ७०,०००.०० | ० | ७०,०००.०० |
| १८ | २४/०३/२०८१ | ११०४ | अध्यक्ष सँग दिदीबहिनी कार्यक्रम | प्रकाश चन्द्र सुवेदी | ४८,०००.०० | ० | ४८,०००.०० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | २४/०३/२०८१ | ११०५ | सार्वजनिक उपयोगिताको सेवा खर्च | प्रकाश चन्द्र सुवेदी | ९५,०००.०० | ० | ९५,०००.०० |
| २० | ०२/०७/२०८० | १२८ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल पत्रकार महासंघ | ० | ४०००००. | ४०००००. |
| २१ | २८/१२/२०८० | २२७ | सालिजा मा वि लेस्पार च्यानलगेट निर्माण | शालिजा माध्यमिक विधालय | ० | ३०,०००.०० | ३०,०००.०० |
| २२ | २८/१२/२०८० | २२८ | सालिजा मा वि ग्राउण्ड निर्माण तथा ढल व्यवस्थापन | शालिजा माध्यमिक विधालय | ० | ६०,०००.०० | ६०,०००.०० |
| २३ | २०/०१/२०८१ | २६२ | न्याउरे खदरा टोलको पदल मार्गमा वत्ति व्यवस्थापन | श्री खदरा न्याउले टोल विकास संस्था | ० | २२,०००.०० | २२,०००.०० |
| २४ | २६/०२/२०८१ | २०९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री नवजागृत मा. वि. | ० | ३००००००. | ३००००००. |
| २५ | २४/०३/२०८१ | ३३३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री नवजागृत मा. वि. | २०००००. | ० | २०००००. |
| २६ | ०४/०९/२०८० | २६ | कुँवरटोल खत्रीटोल सडक | कुँवरटोल खत्रीटोल सडक निर्माण उपभोक्ता समिति | ० | २०००००. | २०००००. |
| २७ | २२/०९/२०८० | ४४ | नेपाल सुसमाचारिय झिलिवराङ चर्च निर्माण | नेपाल सुसमाचारीय झिलिबराङ चर्च निर्माण | ० | ५०,०००.०० | ५०,०००.०० |
| २८ | २७/०९/२०८० | ५६ | रुम्टिखोला ठाडरुम्टा सिंचाई योजना | रुम्टीखोला ठाडरुम्टा सिंचाई योजना | ० | २०,०००.०० | २०,०००.०० |
| २९ | २७/०९/२०८० | ५७ | दिप ज्योति युवा क्लव खुईजेरी ग्राउनड निर्माण | दिप ज्योति युवा क्लव खुईजेरी ग्राउण्ड निर्माण | ० | १९००००. | १९००००. |
| ३० | २७/०९/२०८० | ५९ | चौरेल थर सामुदायिक भबन निर्माण | चौरेलथर सामुदायिक भवन निर्माण | ० | १२००००. | १२००००. |
| ३१ | २७/०९/२०८० | ६० | काफलबोट देखी बुढाघर खानेपानी निर्माण | काफलबोट देखी बुढाघर खानेपानी निर्माण | ० | २०,०००.०० | २०,०००.०० |
| ३२ | २७/०९/२०८० | ६१ | चौराखोल्सा देखि तल्लो मो.वा. निमार्ण | चौरा खोल्सा देखी तल्लो मोटरबाटो निर्माण | ० | २०,०००.०० | २०,०००.०० |
| ३३ | ०४/१०/२०८० | ७२ | पातिचौर खानेपानी ट्याँकी देखि बाजुङ लेस्पार सडक | पातिचौर खानेपानी ट्याँकी देखि बाजुङ लेस्पार सडक | ० | ६०,०००.०० | ६०,०००.०० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४ | ०४/१०/२०८० | ७३ | कपुक्यु खानेपानी | कपुक्यु खानेपानी | ० | ३०,०००.०० | ३०,०००.०० |
| ३५ | १४/१०/२०८० | ८६ | २ नं. वडा कार्यालय निर्माण | २ नं वडा कार्यालय निर्माण | ० | १००००००. | १००००००. |
| ३६ | १९/१२/२०८० | १८९ | सेतोमाटो रापुगाउँ मोटरबाटो मर्मत | सेतोमाटो रापुगाउँ मोटरवाटो मर्मत | ० | ४०,०००.०० | ४०,०००.०० |
| ३७ | १९/०१/२०८१ | ६८६ | साझा सुविधाकेन्द्र क्याङ अल्लो तथा जडिवुटि व्यवस्थापन | साझा सुविधा केन्द्र क्याङं अल्लो तथा जडिबुटिव्यवस्थापन | ० | १४००००. | १४००००. |
| ३८ | २३/०१/२०८१ | २६७ | जेष्ठ नागरिक भवन अधुरो काम थप बजेट मोदी १ | जेष्ठ नागरिक भवन अधुरो काम सम्पन्न | ० | ६०,०००.०० | ६०,०००.०० |
| ३९ | २४/०३/२०८१ | ४२३ | कुँवरटोल खत्रीटोल सडक | कुँवरटोल खत्रीटोल सडक निर्माण उपभोक्ता समिति | ४६०००० | ० | ४६०००० |
| ४० | १६/०९/२०८० | २६७ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | राजेन्द्र क्षेत्री | ० | १५,०००.०० | १५,०००.०० |
| ४१ | १६/०९/२०८० | २६७ | सवारी साधन मर्मत खर्च | राजेन्द्र क्षेत्री | ० | ३५,०००.०० | ३५,०००.०० |
| ४२ | २५/०९/२०८० | ३०० | इन्धन (कार्यालय प्रयोजन) | राजेन्द्र क्षेत्री | ० | ३५,०००.०० | ३५,०००.०० |
| जम्मा | | | | | १५०३००४ | ६४२५४५६ | ७९२८४६०.०० |

| | |
|---|---|
| पेश्की | ६४,२५,४५६ |

२५ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी -**

तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ३२ जना स्थायी कर्मचारीलाई रु. २ करोड ९ लाख ३७ हजार तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अत: उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२६ **दरबन्दी बाहिरको करार सेवा :**

दरबन्दी बाहिरको करार सेवा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । अनुसूची ४ मा उल्लेख भएका ११ जना दरबन्दी बाहिरका ल्याब असिस्टेन्ट, अहेब, अनमि, कार्यालय सहायक लगायत निम्नानुसारको कर्मचारी राखी खर्च लेखेको अनियमित देखिएको रु

| सि न | पद | संख्या | खर्च |
|---|---|---|---|
| १ | सहायक पाँचौ | १ | ४५१४९० |
| 2 | ल्याब असिस्टेन्ट | ४ | १७३४६१६ |
| 3 | सहायक चौँथो | २ | ७१२७६४ |
| ४ | अ न मि | २ | ६४२३८२ |
| ५ | अ हे ब | २ | ६४२३८२ |
| | जम्मा | | ४१८३६३४ |

| | |
|---|---|
| अनियमित भएको | ४१,८३,६३४ |

२७ **उपभोक्ताको कार्यमा विमाः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट वीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गराउंदा सम्झौता रकममा वीमा वापतको खर्च व्यहोर्ने रकम समावेश गरी सोही रकमवाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले वीमा गराउनुपर्नेछ भनी उल्लेख छ । यस वर्ष पालिकाले निम्न लिखित योजना कार्यान्वियन गर्दा अनिवार्य विमा सम्वन्धी प्रावधान नराखी सम्झौता गरेको छ सार्वजनिक निर्माणकार्यमा एकवर्षभित्र । नियमावलीमा भएको व्यवस्थालाई अनिवार्य रुपमा पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो भौ नं र मिति | योजनाको विवरण | सम्झौता रकम |
|---|---|---|
| १८।२०८१।०३।१३ | लिष्टुङ खोला झोलुङ्गेपुल | २४६१०००।०० |
| २८४।२०८१।०१।३१ | राष्ट्रपति शैक्षिक सुधार श्रीकृष्ण आ वि | ६११३४१५।०० |
| ३०६।२०८१।०३।२३ | शितभण्डार निर्माण | ३३०६२६४।७३ |
| २९०।२०८१।०२।०१ | गाडतारा गिज्यान तिलाहार सडक | ३३२८५६९।६७ |
| ३२१।२०८१।०२।२२ | श्री आदर्श मावि | २८०००००।०० |
| २१।२०८१।०२।२२ | सिद्धार्थ आ वि | ३१०४३७३।७१ |
| ३२१।२०८१।०२।२२ | श्री विश्वशान्ति आवि | २८०००००।०० |
| १९४।२०८०।१२।१९ | जीवनज्योति प्रा वि | ६११३५००।०० |
| ४२४।२०८१।०३।२४ | वडा १,२,५,८ भवन निर्माण | १५००००००।०० |
| जम्मा | | ४५०२७१२१ |

२८ **नापी भन्दा वढी भुक्तानीः** (12,321,290,284,208,191-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ वमोजिम सरकारी खर्च कार्यविधि सम्वन्धी व्यवस्था छ । खर्च लेख्ने पदाधिकारिले खर्च लेख्दा खर्चको पुष्ट्याई पुर्याउनुपर्ने हुन्छ । यस पालिका अन्तर्गत सञ्चालित निम्नानुसारका उपभोक्ता समितिवाट कार्य भएकोमा नापी भन्दा प्राविधिक विलमा घटि परिमाणमा पेश गरेको देखिएकोले प्रयाप्त प्रमाण वेगर भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु

| गो.भौ.नं / मिति | योजनाको विवरण | गरेको कार्य | नापी किताव | विलमा | फरक | दर | वढी |
|---|---|---|---|---|---|---|---|
| १२।२०८१।०१।२३ | वाजुङस्वास्थ्य चौकी ट्रस निर्माण | व्रिक वर्क | ११९५१ | ७६०० | ४३५१ | १३ | ५६५६३ |
| ३२१।२०८१।०२।२२ | श्री आदर्श मा.वि | पि.सी सि M20 | ४५.२५× ८ | २८० | ८२ | ७५५ | ६१९१० |
| २९०।२०८१।०२।०१ | गाडतारा गिज्यान तिलाहार सडक | ग्याविन वर्क<br>Sqa M | ६९४.४ | ४८२ | २८९ | २१२ | ६१५४० |
| २८४।२०८१।०१।३१ | श्रीकृष्ण आ वि | व्रिक वर्क | १७३६३ | १२००० | ५३६३ | १८ | ९६५३४ |
| २७८।२०८१।०१।२७ | सिदार्थ आ.वि | TMT Rod KG | १०७५९ | ६१०० | ४६५९ | १३ | ६०५६७ |
| १९१।२०८०।१२।१९ | नवजागृत मा.वि | व्रिक वर्क | १३८९१ | १०००० | ३८९१ | १५ | ५८३६५ |
| जम्मा | | | | | | | ३९५४७९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९५,४७९ |

२९ **हस्तान्तरण नहुने कार्य उपभोक्तावाटः**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । कार्यालयले निम्नानुसारका वडा कार्यालयहरुको भवन निर्माणको लागि उपभोक्ता समिति गठन गरि ९०५७६५७।०० भुक्तानी गरेकोमा उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो। यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने तथा हस्तान्तरण नहुने प्रकृतिका सरकारी भवन निर्माण कार्यमा उपभोक्ता समिति गठन गरी कार्य गरेको छ । यस्तो कार्यमा प्रतिष्पर्धात्मक विधिवाट खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ को पालना गरि कार्य गराउनुपर्दछ ।

| गो भौ नं मिति | कामको विवरण | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| ४१३।२०८१।०३।२४ | वडा १ भवन निर्माण | १०१२७०५५.९९ | ४७५४५३१. |
| ४१५।२०८१।०३।२४ | वडा २ भवन निर्माण | ४३०५१६७.६६ | १६०००००।०० |
| ३३५।२०८१।०२।२३ | वडा ८ नं भवन निर्माण | ७४६८०८२.४५ | २७०३१२६।०० |
| जम्मा | | २१९००३०६.१ | ९०५७६५७।०० |

३० **विमा भुक्तानी प्रमाणः** (387-२०८१-३-२१):

**प्रशासकिय भवनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ वमोजिम २० लाख भन्दा वढीको निर्माण कार्यमा जनशक्ति,मेटेरियल ,ईक्युपमेण्ट समेत कवोल अकको ११५ प्रतिशत थाम्ने गरी ठेक्का समाप्त भएको त्रुटि सच्याउने अवधि सम्मको विमा गराउनुपर्दछ ।निर्माण व्यवसायीले निर्धारित समयमा कार्य नसकि २०८०।०७।३० सम्म म्याद थप कार्य सम्पन्न गरेकोमा १३ महिना थप अवधिको समेत विमालेख पेश गर्नुपर्नेमा सो गरेको देखिएन । तसर्थ कार्यस्वीकार साथ पेश दावी गरेको विमाको प्रमाण वेगरको रकम रु १९८९०२।०० सम्वन्धितवाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९८,९०२ |

३१ **एज विल्ड प्रमाणः** (387-२०८१-३-२१):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौता सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले सम्झौता वमोजिमको एजविल्ड नक्सा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले ऐनमा भएको व्यवस्था वमोजिम प्रशासकिय

भवनको निर्माण सम्पन्न भएको मितिले एजविल्ड ड्रईङ पेश गर्नुपर्नेमा सो गरेको छैन । यसरी निर्माण व्यवसायीले एज विल्ड नक्सा पेश नगरेमा सम्झौता वमोजिमको रु ४० हजार कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो नगरेकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| निर्माण व्यवसायी | रकम |
|---|---|
| फेवा कन्स्ट्रक्शन | ४०,०००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

३२ **योजना छनौट र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

(रु. हजारमा)

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ४ | २५५ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १२९ | २४११० |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | २२ | ९५३५ |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | १२ | ८९६८ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | ३ | ४६०० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ५ | २५९७५ |
| | **जम्मा** | १७५ | **७३४४३** |

५ लाख भन्दा कमका १५५ योजना अर्थात ८८ प्रतिशत साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

३३ **ठेक्का बन्दोवस्तः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम १५(७)मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्वन्धी कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

( रु हजारमा)

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | ६ | ३०३५८ | ० | ० | ६ | ३०३५८ | ० | ० | ५ | २०४३९ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.३ करोड ३ लाख ५८ हजार लागतको ६ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन भएन, दोश्रो चौमासिकमा रु.३ करोड ३ लाख ५८ हजारको ६ वटै ठेक्का व्यवस्थापन भएको देखिन्छ। यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. २ करोड ४ लाख ३९ हजार बराबरको ५ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । पालिकाले समयमा ठेक्का व्यवस्थापन गरि सार्वजनिक खरिद प्रकृया प्रभावकारी वनाउनुपर्दछ ।

३४ **निर्माण कार्य व्यवस्थापनः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वमोजिम सार्वजनिक निर्माण कार्य गर्दा प्रतिष्पर्धा सीमित हुने गरि पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

( रु हजारमा)

| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| १८१ | ६ | ३०३५८ | १७५ | ७३४४३ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १८१ योजनामा मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु. ३ करोड ३ लाख ५८ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १७५ योजनामा रु ७ करोड ३४ लाख ४३ हजार खर्च गरेको छ । अर्थात १८१ योजनामा भएको खर्च मध्ये २९.२४ प्रतिशत ठेक्का प्रक्रिया र ७०.७६ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

३५ **लगत कट्टा भएका व्यक्तीको भत्ता निकासाः**

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १० मा सामाजिक सुरक्षा भत्ता वैंक मार्फत वितरण गर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न वैंक द्धारा लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउंदै आएकोमा चौथो त्रैमासिक भत्ता वितरण गरि वैंकमा वांकी रहेको तपशिल वमोजिमको रकम लेखापरीक्षण अवधिसम्म पनि फिर्ता नगरि वैंकमा मौज्दात रहेको देखिएकोले सम्वन्धित वैंकवाट यथासक्य फर्ता गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.

| विवरण | वैंक | रकम |
|---|---|---|
| चौथो त्रैमासिक | वाणिज्य वैंक (३ वटा वडा) | ६१५२ |
| चौथो त्रैमासिक | लुम्वेनी विकास वैंक (१ वडा) | १०२६६ |
| चौथो त्रैमासिक | ग्लोवल आई एमि वैंक (१ वडा) | २००० |
| चौथो त्रैमासिक | कामना सेवा विकास वैंक (१ वडा) | ३३४५ |
| जम्मा | | २१,७६३।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,७६३ |

३६ **सामाजिक सुरक्षा भत्ताको विवरणः**

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ४ मा भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरुलाई नियमानुसार सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउने व्यवस्था छ। आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| **क्र स** | **पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार)** | **लाभग्राही संख्या** | **लाभग्राही प्रतिशत** | **सामाजिक सुरक्षा रकम रु.** |
|---|---|---|---|---|
| १ | २१२८४ | ३९२८ | १८.४५% | १४६०८४५३२ |

लगत कट्टा भई वैंङ्कवाट वितरण नगरि वैंक खातामानै मौज्दात रहेको रकम आर्थिक वर्ष समाप्त हुने वित्तिकै पालिकाले माग गरि संघीय संचित कोषमा फिर्ता गर्ने प्रचलनमा जोड दिनुपर्दछ ।

३७ **दहत्तर वहत्तर आयः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा विक्रीवापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार, ढुंगा, गिट्टी, बालुवा, उत्खनन, संकलन र व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले ढुंगा गिट्टी बालुवा उत्खनन ठेक्का सम्झौता प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०८०।०९।२४ मा २ वर्षको लागि आई ई ई गरेको छ । जसअनुसार पालिकाको कार्यक्षेत्रका १० वटा बगरको गिट्टी, ढुंगा, बालुवा संकलन एवं विक्री वितरण गर्न आई ई ले सिफारिस गरेको विवरण निम्नानुसार उल्लेख गरिएको छ । आई ई ले सिफारिस गरेको १० स्थानमध्ये यस वर्ष ३ स्थानको मात्र ठेक्का लागेकोमा अन्य क्षेत्रको राजश्व संकलन गरेको देखिदैन ।

**आय ठेक्का विवरण देहायअनुसार छः**

| क्रस | बगरको नाम | ठेक्का सकार कम्पनी | उत्खनन हुने अधिकतम परिमाण ब.मि. | ठेक्का परिमाण | फरक | दर | घटी |
|---|---|---|---|---|---|---|---|
| १ | लिदी खोलाको वगर | निर्दोस निर्माण सेवा | ८३९०७.७२ | ३१०८१.६ | ५२८२६.१२ | ९ | ४७५४३५ |
| २ | आखेतको(रतिखोला) पुच्छर वगर | अपार निर्माण सेवा | २६२५७७.३५ | ९७२३५.९६ | १६५३४१.३९ | ९ | १४८८०७२ |
| ३ | धमिनी वगर | देउपुरकोट निर्माण सेवा | ३१४७०.१२ | ११६५५.६ | १९८१४.५२ | ९ | १७८३३०.६८ |
| जम्मा | | | | | | | २१४१८३७.६८ |

उपरोक्तानुसार आई ई ले सिफारिस गरेभन्दा घटी दरमा ठेक्का लगाउनुको कारणमा २०८०।१०।१० पहिलोचोटि प्रकाशन गरेकोमा ठेक्का २०८०।११।१३ मा आय ठेक्का सम्झौता भएको देखिन्छ । घटी परिमाणमा ठेक्का लगाउन राजस्व परामर्श समितिले मिति २०८०।११।०९ मा निर्णय गरेको भएतापनि परिमाण घटाउने अधिकार गाँउसभाले पारित गरेको आर्थिक ऐनमानै उल्लेख गरी मात्र गर्न सकिने अवस्था हो । राजस्व परामर्श समितिले स्पष्ट आधार कारण सहित ( Technical recommand ) सिफारिस गर्ने मात्र अधिकार भएको परिमाण घटाउन वढाउने राजस्व घटी वढी हुने गरि निर्णय गर्ने अधिकार छैन । तसर्थः ठेक्का व्यवस्थापनमा राजस्व नोक्सानी हुने गरी ठेक्का गर्दा प्रकृया नमिलेको देखिएकोले नियमसम्मत मान्न नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | २१,४१,८३७ |

३८ **घाट गद्धी नभएका क्षेत्रः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्र भित्रको वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा विक्रीवापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार, ढुंगा, गिट्टी, बालुवा, उत्खनन, संकलन र व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले ढुंगा गिट्टी बालुवा उत्खनन ठेक्का सम्झौता प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी संकलन गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०८०।०९।२४ मा २ वर्षको लागि आई ई ई गरेको छ । जसअनुसार पालिकाको कार्यक्षेत्रका १० वटा बगरको गिट्टी, ढुंगा, बालुवा संकलन एवं विक्री वितरण गर्न आई ई ले सिफारिस गरेको विवरण निम्नानुसार उल्लेख गरिएको छ । आई ई ले सिफारिस गरेको १० स्थानमध्ये यस वर्ष ३ स्थानको मात्र ठेक्का लागेकोमा अन्य क्षेत्रको राजश्व संकलन गरेको देखिदैन । सो क्षेत्रमा ठेक्का नलागेता पनि पालिकाले अमानतबाट समेत राजस्व संकलन गर्ने तर्फ ध्यान दिएको देखिएन । ठेक्का व्यवस्थापन नभएका क्षेत्रवाट करिव रु. ६६ लाख ३३ हजार राजस्व आम्दानी हुने देखिएकोमा यस वर्ष राजस्व असुल नै भएको छैन जसले गर्दा पालिकाको आम्दानीमा नोक्सानी पुगेको देखिन्छ । ठेक्का नलागेको क्षेत्रमा अमानतबाट समेत राजस्व संकलन गरी आन्तरिक आम्दानी बढाउने तर्फ पालिकाको ध्यान आकर्षण हुनुपर्दछ ।

| क्रस | बगरको नाम | उत्खनन हुने अधिकतम परिमाण घ मी(३५.३२) | प्रदेशको दर | न्युनतम रकम कर बाहेक (रु.) |
|---|---|---|---|---|
| १ | टाडीको पुच्छर वगर | ५२८० | ९ | १६७८४०६.४ |
| २ | गडेरी खोलाको पुच्छर वगर | १२६७.२ | ९ | ४०२८१७.५३ |
| ३ | रतिखोला सिम्लेको ताल | ९५०४ | ९ | ३०२११३१.५२ |
| ४ | अम्वोट वगर | १५८४ | ९ | ५०३५२१.९२ |
| ५ | ज्यामिरे वगर | १४५२ | ९ | ४६१५६१.७६ |
| ६ | पाउदुरखेत वगर | १०१६.४ | ९ | ३२३०९३.२३ |
| ७ | टिमुरे वगर | ६६० | ९ | २०९८००.८ |
| जम्मा | | | | ६६००३३३.२ |

३९ **आय ठेक्काः**

08/ MRM.BAGAR.80.81 पालिकाको आर्थिक ऐन २०८० को दफा अनुसुची ७ वमोजिम दाखिला हुनुपर्ने रकम समयमै दाखिला हुनुपर्दछ । अपार निर्माण सेवा आखेतको(रतिखोला) पुच्छर वगर को लागि रु. ९ लाख ९२ हजार ३७३ मा ठेक्का सम्झौता भएकोमा निजले रु. ७ लाख ४२ हजार ५२५ मात्र दाखिला गरेकोले रु. २४९८४८।०० घटी दाखिला निजवाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४९,८४८ |

४० **करको दायरा विस्तारः**

यस वर्षसम्म दर्ता भएका कूल करदाता कति हुन र कति करदाताले कर दाखिला गरे साथै २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ वांकी वक्यौता कति हो सोको अद्यावधिक विवरण पेश हुन सकेन । पालिकाले करदाताको वक्यौता अभिलेख रियलटाईम अद्यावधिक भएको पाईएन तसर्थः करदाताको रियल टाईम वक्यौता देखिने गरी प्रणालीको विकास गरी लगत अद्यावधिक गर्नुपर्दछ ।

४१ **आन्तरिक राजस्वः**

४१.१ पालिकाले तर्जुमा गर्ने आर्थिक ऐनमा यस क्षेत्रको आम्दानीवाट कुनैपनि राजस्व असुल गर्ने प्रक्षेपण गरेको छैन । पालिकाले आफुले निर्माण गरेका वा हस्तान्नतरण भई आएका वा सञ्चालनमा रहेका पर्यटकीय स्थलमा प्रवेश गर्ने पर्यटकहरुवाट तोकिएको दरमा शुल्क लगाई असुल उपर गर्ने भनी आर्थिक ऐनमा उल्लेख गरेको छैन । यस पालिकाले पञ्चासे पर्यटकीय, हमपाल कालाञ्जार क्षेत्र, भुक देउराली(नमुनागाँउ) र जडिवुटी समेत स्थलहरुमा घुम्न आउने पर्यटकहरुवाट प्रवेशशुल्क वापत तोकिएवमोजिम शुल्क असुल गर्न सकेमा करोडौ राजस्व आम्दानी हुने देखिन्छ । यस वर्ष पालिकाले कुनै आम्दानी प्राप्त गरेको देखिदैन । वार्षिक नीति तथा कार्यक्रममा र आर्थिक ऐनमा समावेश गरि पर्यटन शुल्कलाई राजस्वको दायरामा ल्याउन पहल गर्नुपर्दछ ।

४१.२ पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ३ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची १ वमोजिम सम्पत्तिकर लगाईने उल्लेख छ । यसवर्ष पालिकाभित्र सम्पति कर तिर्ने करदाता के कति रहेको छन् विवरण प्राप्त हुन सकेन। पालिकाले रु २० लाख असुल गर्ने लक्ष्य राखेकोमा प्रगति शुन्य रहेको छ । सम्पत्ति कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर सम्पत्ति करमा पालिकाले कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । सम्पत्ति करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

४१.३ पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र कति करदाता व्यवसायकरमा दर्ता भएको छन् कुनै स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन । व्यवसाय करमार्फत यसवर्ष रु.५० हजार राजस्व असुल गर्ने लक्ष्य राखेकोमा रु. ३९ हजार अर्थात ७८ प्रतिशत असुली भएको छ । न्युन राजस्व असुली हुनुको कारण पहिचान गरी राजस्वको दायरामा वढीत्तरी गर्नुपर्दछ ।

४१.४ पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ११ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ०९ वमोजिम नक्सापास दस्तुर लगाईने उल्लेख छ । हालसम्म के कति घरधनीहरुले नक्सापास गरेका छन र वाँकी कतिले दायरामा आएका छन् स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन ।करको दायरमा नआएका घरधनिहरुलाई दायरमा ल्याई साथै अभिलेखीकरण का लागि प्राप्त निवेदन उपर समयमै निर्णय गर्ने र घरधनिहरुलाई घर नम्सा अभिलेखीकरण गरी सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्दछ ।

४१.५ पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ५ वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज,वर्कसप, गोदाम भाडामा लगाएमा अनुसुची ३ वमोजिम संस्थाको हकमा १० प्रतिशत र व्यक्तिको हकमा ५ प्रतिशत कर लगाईने उल्लेख छ । यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएको छन एकीकृत लगत विवरण उपलव्ध हुन सकेन । घरभाडा वापत पालिकाले रु ५ लाख असुल गर्ने लक्ष्य राखेकोमा रु. ५ लाख ७१ हजार असुली भएको छ । लक्ष्य अनुसार राजस्व असुल भएतापनि घरवहाल कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले घरभाडा कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । घरवहाल करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

## ४२ **आन्तरिक आयको विश्लेषण -**

४२.१ पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

(रु हजारमा)

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | खर्चको तुलनामा आयको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०।८१ | ७४१० | ६८३३१३ | १.०८ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु ६८ करोड ३३ लाख १३ रहेको छ भने राजश्व संकलन ७४ लाख १० हजार गरेको छ । पालिकाको आन्तरिक आय कूल खर्चको १.०८ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

४२.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | २०००००० | २५५ | ०.०१ |
| भूमिकर मालपोत | १५००००० | १९६००० | १३.०६ |
| वहालकर | ५००००० | ५७१९०८ | ११४.३८ |
| सिफारिस दस्तुर | २०००००० | ५९३१६८ | २९.६५ |
| व्यवसायकर | ५०००० | १९११३ | ३८.२२ |
| दहत्तर वहत्तर | ५७९५००० | ९५२०९२ | १६.४२ |
| अन्य | ३१०५००० | ५०७७६४०.८५ | १६३.५३ |
| जम्मा | १४९५०००० | ७४१०१७६.८५ | ४९.५६ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ४९.५६ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । साथै सम्पत्ति करमा असुली शुन्य, भूमिकर मालपोतकरमा लक्ष्यको तुलनामा १३ प्रतिशत, व्यवसाय कर लक्ष्यको तुलनामा ३८ प्रतिशत र दहत्तर वहत्तर करमा १६ प्रतिशत मात्र असुली हुनुले समग्र राजस्व असुलिमा प्रभाव परेको छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । आन्तरिक आय अनुमान गर्दा यथार्थपरक हुने गरी तर्जुमा गर्नुपर्दछ ।

४२.३ पालिकाको आर्थिक ऐन,२०८० तथा पालिकाको नीति तथा कार्यक्रममा राजस्व प्रणालीलाई सुचनामैत्री, सुढृद वनाउने,करका दर तथा दायरा वृद्धि तथा नीतिमा पुनरावलोकन, आन्तरिक आयलाई वैज्ञानिक वनाउने उल्लेख गरेको छ । पालिकाको विगत ३ वर्षको राजस्व लक्ष्य तथा असुली अवस्था देहायअनुसार रहेको छ ।

| आर्थिक वर्ष २०७८।०७९ | | आर्थिक वर्ष २०७९।०८० | | आर्थिक वर्ष २०८०।०८१ | |
|---|---|---|---|---|---|
| लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| १४५०० | ८३४३ | ९८९७ | ७०६४ | १४९५० | ७४१० |

उपरोक्तानुसार आर्थिक वर्ष २०७८।७९ मा लक्ष्यको तुलनामा ५७.५३ प्रतिशत, २०७९।८० मा ७१.३७ प्रतिशत र आर्थिक वर्ष २०८०।८१ मा ४९.५६ प्रतिशत असुली भएको अवस्था छ । विगत ३ वर्षको तथ्यांक हेर्दा राजस्व लगातार घट्दो अवस्था तथा पछिल्लो वर्ष लक्ष्यको तुलनामा न्युन असुलि भएको छ । निरन्तर राजस्व घट्नुका कारणहरु पहिचान गरी वार्षिक वजेट तथा नीतितथा कार्यक्रममा उल्लेख भएका विषयलाई संवोधन गरी वस्तुनिष्ठ राजस्व प्रक्षेपण तथा असुलीमा जोडदिनुपर्दछ ।

## ४३ राजस्व बाँडफाँट

प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ८(६) मा सम्बन्धित स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर, बहत्तर शुल्कको चालीस प्रतिशत रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। यस पालिकाले ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर बहत्तर वापत रु १२ लाख ५९ हजार असुल गरेकोमा सो को ४० प्रतिशत रु ५ लाख ३ हजार ८०५ प्रदेश सञ्चित कोषमा दाखिला नगरेकोमा प्रदेश कानुनको प्रावधान बमोजिम प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०३,८९५ |

४४ **मापदण्ड भन्दा फरक दरमा भुक्तानी :** (२४-२०८०-६-१२):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । त्यस्तै यस गाउँपालिको खर्चको मापदण्ड २०७७ बमोजिम यातायात ,खाजा, खाना तथा सहभागी भत्ताको निश्चित दर तोकिएकोले सोही आधारमा भूक्तानी गर्नुपर्दछ । यस पालिकाले IEMIS सम्बन्धि २ दिने तालिम २०७९।७।१९ र २० सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

उक्त कार्यक्रममा सहभागीलाई यातायात खर्च भुक्तानी गर्दा मापदण्डमा भएको दरभन्दा फरक दरमा भुक्तानी गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रु ३१०००

| वडा नं | सहभागी संख्या | दिन | भुक्तानी रु | हुनुपर्ने रु | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | ६ | २ | ७२०० | ४२०० | ३००० |
| २ | ७ | २ | ५६०० | २१०० | २१०० |
| ३ | ६ | २ | ७२०० | ४२०० | ३००० |
| ४ | ४ | २ | ६४०० | ३२०० | ३२०० |
| ५ | १० | २ | १२००० | ५००० | ७००० |
| ६ | १२ | २ | ९६०० | ३६०० | ६००० |
| ७ | ५ | २ | ६००० | ३५०० | २५०० |
| ८ | ७ | २ | ८४०० | ४२०० | ४२०० |
| | जम्मा | | | | ३१००० |

नित्या खाजाघरको विल अनुसार ६० जनालाई दुई दिनको खाना रु १९८०० तथा खाजा रु १८००० विलको भुक्तानी भईसकेको अवस्थामा प्रतिसहभागी रु ५०० दरले ५९००० सहभागी भत्ता भुक्तानी भएको देखिएकोले खानावापत को रकम रु १९८०० सम्बन्धित बाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,८०० |

४५ **दुध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम :** (४१४-२०८०-११-११):

दुध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालन मापदण्ड २०७७ बमोजिम प्रति सहकारी अधिकत्तम वार्षिक तिनलाख पचास हजार लिटर दूध उत्पादनको लागि प्रोत्साहन रकम उपलब्ध गराउन सकिने तर गत आ वमा प्रोत्साहन रकम प्राप्त गरेको सहकारीहरुले चालु आ वमा गत आ व को तुलनामा १० प्रतिशत थप दूधको कारोबार गरेको हुनुपर्ने प्रावधान रहेको छ । यसरी रकम उपलब्ध गराउँदा प्रति लिटर अधिकत्तम रु २.५ को दरले उपलब्ध गराउनुपर्ने उल्लेख छ । यस पालिकाले मोदीखोला बहुउदेश्यीय सहकारी संस्थालाई रु ४५७९५८ भुक्तानी गरेकोमा मापदण्डमा उल्लेख भए अनुसार १० प्रतिशत थप दूध कारोबार गरेको खुल्ने प्रमाण नरहेको साथै समान प्रकृतिको अनुदान अन्य निकायबाट समेत प्राप्त हुने भएकाले अनुदानमा दोहोरोपना भए।नभएको यकिन गरेको देखिएन । सो यकिन गरी प्रमाण पेश हुनुपर्दछ ।साथै नर्म्समा उल्लेख भएकोभन्दा बढी दरमा भुक्तानी भएकोले रु.२२८९७९ नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२८,९७९ |

४६ **स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरण:** (५८५-२०८०-१२-२०):

स्थानीय पाठ्यपुस्तक छपाई तथा वितरण: सार्वजनिक खरिद ऐन ,२०६३ दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ ।साथै सोही

ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा बाहेक रु एक लाख भन्दा बढीको खरिद कार्यमा अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने र उपदफा ५(क) अनुसार उक्त लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने उल्लेख छ ।त्यस्तै कुनै सामाग्री खरिद गर्दा सो सामानको माग, पुस्तकको आवश्यक परिमाण तथा स्टकमा पुरानो स्टक बाँकी रहे नरहेको कुरालाई यकिन गरेर स्टक नरहने गरी खरिद गर्नुपर्दछ। यस पालिकाले उल्लेखित भौचर तथा मितिमा बालबालिकाको बस्तुगत विवरण पुस्तक HEIDEL Press Pvt.Ltd बाट प्रति पुस्तक रु ८३२.२० दरले ६०० वटा रु ४९९९९८ मा खरिद गरेको छ।उक्त पुस्तक कति परिमाणमा आवश्यक रहने हो र कुनु विद्यालयलाई के कति परिमाणमा उपलब्द गराउने हो ? सो यकिन नगरी बजेटले जति धान्नेहो सोही परिमाण छपाई गरेको र हाल उक्त पुस्तक पालिकाको स्टोरमै स्टक देखिएको ले पुस्तकको परिमाण यकिन गरि तयार गरिएको अनुमानित परिमाण तथा उक्त पुस्तक वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,९९८ |

४७ **स्वास्थ्य प्रोफाइल :** (१११-२०८०-६-३०):

स्वास्थ्य प्रोफाइल आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्वस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।त्यस्तै पालिका भित्रकै कार्मचारीको कार्यविवरण मा पर्ने तथा सम्पादन गर्न सकिने काममा परामर्शदाताबाट गराउने कार्य उचित नरहने देखिन्छ । यस पालिकाले उल्लेखित भौचरबाट स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मिहरुले विगत ३ वर्षदेखि प्रदान गरिरहेका सेवा, प्रगतिविवरण लगायतको प्रतिबेदन तयार गर्ने कार्यविवरण राखी एक परामर्शदातासँग मिति २०८०।१।१३ बाट २०८०।५।५ अवधिसम्मको सम्झौता गरी रु ३०००० खर्च लेखेको छ ।स्वास्थ्य संस्थाहरुको प्रगति विवरण तथा तथ्यांक संकलन कार्य पालिकाकै स्वास्थ्य महाशाखाभित्रका कर्मचारीको कार्यविवरण भित्र पर्ने काम हो ।यस कार्यमा पालिकाकै कर्मचारीबाट प्रभावकारीढंगबाट प्रतिबेदन तयार गर्न सकिने तथा विवरण प्राप्त गर्न सकिने अवस्थामा बाहिरबाट नियक्ति गरी कार्यसम्पादन गरिनु नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३०,००० |

४८ **मेलमिलाप कार्यक्रमको बढी भुक्तानी :** (११०-२०८०-६-३०):

मेलमिलाप कार्यक्रमको बढी भुक्तानी : भौ नं ११० २०८०।६।३० आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्वस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । ।तालिमको पाठ्यक्रम राष्ट्रिय मेलमिलाप परिषद्को २०७५।११।१३ को स्वीकृत पाठ्यक्रम अनुसार जम्मा ८ दिनमा ४८ घण्टाको कक्षा सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाको खर्चको मापदण्ड २०७७ मा पालिकास्तरमा सञ्चालित सबै प्रकारका स्रोतव्यक्ति।प्रशिक्षकलाई प्रति शेसन (१.५ घण्टा) रु १६०० ले पारिश्रमिक दिन सकिने उल्लेख छ ।पालिकाले मेलमिलापकर्ताको तालिम २०८०।५।२१ देखि २८ सम्म सञ्चालन गरेकोमा कागजात। प्रमाण,उपस्थिति तथा हाजिरीबाट कक्षा दैनिक ४ वटा शेसन सञ्चालन भई जम्मा ३२ घण्टा मात्र सञ्चालन भएको देखिन्छ।भुक्तानी गर्दा सम्झौतामा उल्लेख भएको ४६ घण्टाकै भुक्तानी गरी पालिकालाई व्ययभार परेको छ ।अत: हुनुपर्ने भन्दा बढी १४ दिनको रु २५०० दरले भुक्तानी भएको रकम असुल हुनुपर्ने रु ३५००० सोही तालिममा मापदण्ड अनुसार प्रति शेसन रु१६०० मा भुक्तानी हुनुपर्नेमा रु२५०० ले भुक्तानी भएकोले प्रति शेसन रु ९०० ले जम्मा ३२ शेसनको रु २८८०० समेत असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,८०० |

४९ **भ्रमण प्रतिबेदन :**

सरकारको भ्रमण खर्च नियमावली २०६४ को नियम १८ अनुसार कुनैपनि भ्रमणमा खटिने कर्मचारी वा पदाधिकारीले भ्रमण विल तथा भ्रमण प्रतिबेदन अनिवार्य कार्यालयमा बुझाउनुपर्ने उल्लेख छ । पालिकाले भौ न ११६ मिति २०८०।७।१ बाट उद्योग दर्ता तथा नविकरण कार्यका लागि भ्रमण तथा अनुगमन गरेको भनि अन्य कार्यालयका पदाधिकारीहरु जस्तै मालपोत, जिल्ला प्रशासन कार्यालय,

नापी कार्यालय लगायतका पदाधिकारीसमेत लाई भ्रमण खर्च रु ४६००० भुक्तानी भएकोमा उक्त कार्यको विवरण तथा प्रतिबेदन नरहेकोले सो पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | ४६,००० |
|---|---|

५० **विपन्न नागरिक सहायता :** (५८१-२०८०-१२-२०):

विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका २०७५ को बुँदा २ मा उल्लेख भएका रोगको उपचारका लागि संघिय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सहायता उपलब्ध गराउन सक्ने व्यवस्था छ ।यसरी सहायता रकम उपलब्ध गराँउदा दोहोरो नपर्नेगरी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष विपन्न नागरिका औषधि उपचार कोषबाट समेत खर्च लेखेको छ ।पालिकाले समान प्रकृतिको खर्च हुने तवरले विपन्न नागरिक सहायता तथा आर्थिक सहायता शीर्षकबाट रु ४४ लाख ६ हजार खर्च लेखेको छ। पालिकाले यस कोषबाट रु ५००० देखि रु २५००० सम्म सहायता उपलब्ध गराएकोमा सो शीर्षकबाट विभिन्न औषधि उपचारको लागि समेत खर्च भएकोमा कस्तो प्रकृतिको विरामीलाई उक्त रकम प्रदान गरेको हो सो को विवरण राखेको छैन ।पालिकाले स्पष्ट कार्यविधि तयार नगरी सो सयहोग प्रदान गरेको पाइयो । पालिकाले देहायअनुसार खर्च उपलब्ध गराएकोमा रोगको प्रकार, विपन्न नागरिका परिचय पत्र तथा अस्पतालको प्रेसक्रिप्सन तथा निजले विपन्न नागरिक औषधि उपचार कोषबाट सहयोग प्राप्त नगरेको प्रमाण पेश हुनुपर्ने रु

| सि न | भौचर ।मिति | नाम | रकम |
|---|---|---|---|
| १ | १६३ २०८०।७।२२ | प्रकाश सुनार | १५००० |
| २ | ५४३ २०८०।१२।७ | सुक बहादुर गुरुङ | १५००० |
| ३ | ३९९ २०८०।११।९ | राम बहादुर घर्ति | ५००० |
| ४ | ४३२ २०८०।११।१७ | सिर्जना सुनार | १०००० |
| ५ | ४११ २०८०।११।११ | औषधि उपचार | १०००० |
| ६ | ५६२ २०८०।१२।१४ | भिम ब क्षेत्री | १०००० |
| ७ | १७८ २०८०।८।६ | गणेश बहादुर सुवेदी | १०००० |
| ८ | १९९ २०८०।८।१८ | लोक बहादुर क्षेत्री | १०००० |
| | | जम्मा | ८५००० |

| प्रमाण पेश नगरेको | ८५,००० |
|---|---|

५१ **शिर्षक फरक पारी खर्च :**

शिर्षक फरक पारी खर्च गर्न नहुने तथा तोकिएकै शीर्षकबाट मात्र खर्च गर्नुपर्दछ । भौ न ५३० मिति २०८०।१२।०४ बाट युवा खेलकुद तथा मनोरन्जन कार्यक्रम सञ्चालन गर्न पालिकाबाट रु २ लाख विनियोजन भएकोमा रु २१४९०० खर्च गरेको छ । कार्यविधिमा भएको व्यवस्था अनुसार मिल्नेगरी खर्च गर्नुपर्दछ । संलग्न कागजतको परीक्षण गर्दा खेलकुद तथा मनोरन्जन कार्यक्रममा रु १७९९०० खर्च गर्न मिल्ने देखिन्छ ।तर पालिकाले सोही कार्यक्रममा अतिथि सत्कार शीर्षकबाट समेत रु ५०००० बजेट थप गरी रु ३५००० खर्च गरेको छ ।अत: एउटै कार्यक्रमबाट मिल्नेगरी खर्च गर्नुपर्नेमा पालिकाले अन्य शीर्षकबाट समेत बजेट थप गरी रु ३५००० थप खर्च गरेको नियमसम्मत नरहेको रु

| अनियमित भएको | ३५,००० |
|---|---|

५२ **मर्मत सम्भार-**

मर्मत सम्भार- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्विकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो

बर्कसप वा सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको मर्मत केन्द्रवाट गराउनुपर्ने ब्यबस्था छ । यस बर्ष पालिकाको सवारी साधन मर्मत र मेशिनरी तथा औजार मर्मत कुल बजेट रु ४५०००००  रहेकोमा साधन मर्मत रु. २७ लाख ७२ हजार खर्च लेखेकोमा नियमावलीको प्रकृया वमोजिम लागत अनुमान स्विकृत गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गराएको देखिएन । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| भौ नं | मिति | सप्लायर्स | रकम |
|---|---|---|---|
| ४८० | २०८०।११।२४ | बतास ब्रदर्श प्रा लि | ७८००० |
| | | यु डि आर अटो ईन्जिनियरिङ्ग | २६४०८ |
| ६१५ | २०८०।१२।२६ | बतास ब्रदर्श प्रा लि | ८५०६९ |
| ७४८ | २०८१।२।२ | सनराईज अटो बल्ड | १७४३३० |
| ९३८ | २०८१।३।१६ | सनराईज अटो बल्ड | ९०५४१ |
| १४० | २०८०।७।२ | सनराईज अटो बल्ड | १५८६२३ |
| १८९ | २०८१।८।११ | शुभमंगल मोटरसाईकल वर्कसप | १३५९२० |
| ३०३ | २०८०।९।२६ | राईजिङ्ग स्टार अटो मोबाइल्स | २९८७७२ |
| | | जम्मा | १०४७६६३ |

५३ **कार्यक्षेत्र बाहिरको भुक्तानी :** (१०३८-२०८१-३-२१):

गण्डकि प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने कार्यविधिको व्यवस्था गरेको छ ।पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमात्र खर्च तथा अनुदान सहयोग रकम उपलब्द गराउन सक्ने व्यवस्था रहेको छ। यसरी सहयोग उपलब्ध गराउँदा स्पष्ट कार्यविधि बनाई खर्च गर्नुपर्दछ । पालिकाले उल्लेखित भौचरबाट पर्वत हस्पिटललाई अध्यक्षको तोक आदेश अनुसार रु २००००० खर्च लेखेकोमा कार्यक्षेत्र बाहिर खर्च गरेकोलाई निमयसम्मत मान्न नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

५४ **जिन्सी दाखिला :**

गण्डकि प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ८३ अनुसार जीन्सी वा मालसामान जुनसुकै तरिकाबाट प्राप्त भएपनि प्राप्त भएको सातदिन भित्र आम्दानी बाँधिसक्नुपर्ने व्यवस्था रहेको छ । खर्च भएर जाने मालसामानको म ले प फारम नं ४०७ को ढाँचामा अभिलेख राखी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौ न ९४, मिति २०८०।६।३० मा विभिन्न मसलन्द तथा कार्यालय सामाग्री रु ७८६५० मा खरिद गरेकोमा उक्त सामान माग गरेको माग फारम, खरिद आदेश तथा जिन्सी दाखिला गरेको प्रमाण भौचरसाथ संलग्न नरहेकोले सो को प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,६५० |

५५ **अनलाईन संचार माध्यम र विद्युतीय कानुन विषयक अन्तरक्रिया कार्यक्रम :**

गण्डकि प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने कार्यविधिको व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार खर्च गर्दा स्वीकृत कार्यक्रम अनुसार बजेटले खाम्ने गरी अधिकार प्राप्त अधिकारीलाई स्वीकृत गराएर गर्नुपर्ने उल्लेख छ । कुनै तालिम, सेमिनार वा गोष्ठी सञ्चालन गर्दा कार्यक्रमको योजना तथा लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट पहिल्यै स्वीकृत गराएर मात्र गर्नुपर्ने उल्लेख छ ।सोही नियमावलीको नियम ३६ मा खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषहरु उल्लेख गरी हानिनोक्सानी, दोहोरोपना तथा कार्यविधि बमोजिम खर्च भए नभएको स्पष्ट भएर मात्र खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाले भौ नं ६८७ २०८१। १।१९ मा जि एण्ड जि मिडियालाई अनलाईन संचार माध्यम र विद्युतीय कानुन विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी रु ९५००० खर्च लेखेको छ । गाँउपालिकासँग उक्त मिडियाले सम्झौता गरी उक्त रकम मिडिया हाउसकै खातामा

भुक्तानी भएको छ । उक्त कार्यक्रमको कार्यपत्रको परिक्षण गर्दा सो कार्यक्रमले गाँउपालिकाको काममा गुणस्तरियता हासिल गर्न वा पालिकाका कर्मचारीको क्षमता विकासमा सहयोग गर्ने देखिँदैन । पालिकाले यस किसिमको अनुत्पादक क्षेत्रमा रकम खर्च मनासिम नरहेकोले सो रकम नियममित मान्न नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९०,००० |

५६ **गोरुपालक कृषक अनुदान :** (७३९-२०८१-२-१):

कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०७८ बमोजिम अनुदान मा सहभागी हुन कृषक छनौटको मापदण्ड तयार गरी सो बमोजिम गर्नुपर्ने उल्लेख छ ।उल्लेखित भौचरबाट गोरुपालक कृषक अनुदान प्रति कृषक रु ३०३० दरले ३३ कृषकलाई रु ९९९९० रकम खर्च लेखेकोमा उक्त कृषक छनौटको आधार स्पष्ट नरहेको ।पालिकाले प्रस्ताव आह्वान गरी प्रस्ताव बमोजिम माग भई आएका कृषकहरुमध्ये निश्चित मापदण्डका आधारमा कृषक छनौट गर्नुपर्नेमा निवेदन पेश गरेका सबै कृषक लाई दामासाही अनुसार खर्च गरेको तथा सो को सार्वजनिकिकरण वेभसाइट मार्फत गरेको छैन । अनुदान प्राप्त गर्ने कृषकहरुले अन्य सुवधि यस अघी वा अघिल्लो आर्थिक वर्षहरुमा प्राप्त गरे।नगरेको यकिन गर्न सकिने विवरणबाट नदेखिएकोले सो को स्पष्ट आधार समेत छैन । पालिकाले वितरणमुखी भन्दा पनि नतिजामुखी तवरले खर्च गरेको भन्ने स्पष्ट आधार नरहेकोले सो खर्च औचित्यपूर्ण तथा कार्यविधि बमोजिम नभएकोले नियमित मान्न नसकिने देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९९,९९० |

५७ **जिन्सी दाखिला :** (८३५-२०८१-२-२३):

गण्डकि प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने कार्यविधिको व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार खर्च गर्दा स्वीकृत कार्यक्रम अनुसार बजेटले खाम्ने गरी अधिकार प्राप्त अधिकारीलाई स्वीकृत गराएर गर्नुपर्ने उल्लेख छ । कुनै तालिम, सेमिनार वा गोष्ठी सञ्चालन गर्दा कार्यक्रमको योजना तथा लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट पहिल्यै स्वीकृत गराएर मात्र गर्नुपर्ने उल्लेख छ ।सोही नियमावलीको नियम ३६ मा खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषहरु उल्लेख गरी हानिनोक्सानी, दोहोरोपना तथा कार्यविधि बमोजिम खर्च भए नभएको स्पष्ट भएर मात्र खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाले १०० प्रतिशत अनुदानमा विषादी वितरण कार्यक्रम मा न्यु पोखरा कृषि सामाग्री भण्डारबाट निम्नानुसारको किरा नियन्त्रणका लागि किटनासक विषादी खरिद गरी जिन्सी दाखिला गरेको छ तर सो विषादि वितरण गरेको भरपाई पेश नभएकोले सो पेश हुनुपर्ने रु

| सिनं | किटकोनाम | एकाई | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | पोषक तत्व | केजी | ११२ | ११० | १२३२० |
| २ | किटनाशकविशादि | बोतल | ११० | ४० | ४४०० |
| ३ | किटनाशकविशादि | बोतल | ४० | २२० | ८८०० |
| ४ | किटनाशकविशादि | बोतल | ५० | १६० | ८००० |
| ५ | किटनाशकविशादि | बोतल | ७५ | १४० | १०५०० |
| ६ | ढुसीनासकविषादी | बोतल | ४५ | २१५ | ९६७५ |
| ७ | ढुसीनासकविषादी | | ३० | १२० | ३६०० |
| ८ | एमोनियाकिट | संख्या | १२० | ३३ | ३९६० |
| ९ | कपरअक्सक्लोराइड | प्याकेट | ५० | १९० | ९५०० |
| | जम्मा | | | | ७०७५५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,७५५ |

५८ **माछाको भुरा वितरण कार्यक्रम :**

गण्डकि प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने कार्यविधिको व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार खर्च गर्दा स्वीकृत कार्यक्रम अनुसार बजेटले खाम्ने गरी अधिकार प्राप्त अधिकारीलाई स्वीकृत गराएर गर्नुपर्ने उल्लेख छ । कुनै तालिम, सेमिनार वा गोष्ठी सञ्चालन गर्दा कार्यक्रमको योजना तथा लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट पहिल्यै स्वीकृत गराएर मात्र गर्नुपर्ने उल्लेख छ ।७०५ २०८१।१।२४ बाट माछाको भुरा वितरण कार्यका लागि गोपाल पासीले रु ९५००० पेश्की माग गरी सो खर्च लेखेकोमा उक्त कार्यक्रमका लागि लाग्ने अनुमानित खर्च तथा वितरण संख्या वितरण गरिने क्षेत्र लगायतको विवरण राखी इष्टिमेट तयार गर्नुपर्ने र सो अनुसारको रकम पेश्की माग गर्नुपर्नेमा सो गरेको नपाइएकोले उक्त खर्च अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९५,००० |

५९ **कन्टिनजेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने सम्वन्धि व्यवस्था रहको छ। पालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. २१ लाख ९५ हजार कन्टिन्जेन्सी खर्च गरेको छ। खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाईका आधारमा मात्रै खर्च लेखेकोले खर्चको उद्देश्य र यथार्थतामा यकिन भएन। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

| **कन्टिन्जेन्सी रकमको विवरण** | **खर्च रकम** |
|---|---|
| योजनमा भुक्तानी भएको कन्टिन्जेन्सी | ६,३०,००० |
| दैनिक भ्रमण | ४,२५,००९ |
| फिल्ड भत्ता | ४,९८,१२५ |
| विविध खर्च | ९५,८६९ |
| सवारी भाडा | १,८५,२२४ |
| सवारी मर्मत | ३,२५,५४५ |
| कर्मचारी वैठक भत्ता | ३६,००० |
| जम्मा रकम | २१,९५,७७२ |

६० **डि.पि.आर तयारी तथा कार्यान्वयनः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३९ वमोजिम सेवा परामर्श विधिवाट गर्न सकिनेछ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.स. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | Patichaur Ghurungsera Kudule Majhgau Purnagaun Langdi Ghurunga Motarbato | Build with prid PVT.LTD | ४७५८६४.४४ | ४७२५६६.०० | ०.६९ | शिलवन्दी कोटेशन |
| २ | Patichaur Timure Kyang Sadak | Eco Zone Arc & Construction | ४७९६५५.०४ | ४७४१६०.०० | १.१५ | शिलवन्दी कोटेशन |
| ३ | Lapsibot Bhuka Jhilibarang Sudame Sadak | Skill non PVT.LTD. | ४९४५२० | ४७६९७३.०० | ३.५४ | शिलवन्दी कोटेशन |
| ४ | राम्जा स्वास्थ्य चौकी देखी सिर्वानि खोरखोरे गोतामेथर किना घुम्ति | ईन्जिनियरिङदेउराली प्रा ली | ४९७४७९.३७ | ४७४३४८.२१ | ४.६५ | शिलवन्दी कोटेशन |
| ५ | जायगाउँ-थामार्जुन्ग-तिलाहार-डिमुवाठाना-गिज्यान गाडतारा सडक | कृप्टिईनोभेसन प्रा ली | ४९७४७९.३७ | ४७७४४७.६ | ४.०३ | शिलवन्दी कोटेशन |
| | **जम्मा** | | २४४४९९८.२२ | २३७५४९४.८१ | | |

उपरोक्त विवरण अनुसार पालिकाले डि. पि. आर. तयारीमा सेवा कार्यमा शिलवन्दी विधिबाट ५ वटा सेवा खरिदका लागि जम्मा रु.२४ लाख ४४ को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. २३ लाख ७५ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा २.८४ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६१ **डि.पि.आर. को कार्यान्वियनको अवस्थाः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३९ वमोजिम सेवा परामर्श विधिवाट गर्न सकिनेछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्षमा सेवा परामर्श गरेका देहाय बमोजिमका २ वटा योजनाहरु हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । त्यसरी कार्यान्वियन हुन बाँकी रहेका योजनाहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.स. | डि.पि.आर. आर्थिक वर्ष | भौ नं र मिति | कामको विवरण | परार्मशदाताको नाम | सम्झौता मिति | भुक्तानी रकम रु. | योजना कार्यान्वियन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २०८०।८१ | भुक्तानी नभएको | जग्गा वर्गिकरण | व्रदर्श ईन्भारोमेन्ट एण्ड जियोलोजिकल सर्भिस प्रा लि | २०८०। ११।१४ | नभएको | भुक्तानी नभएको |
| २ | २०८०।८१ | ११०७।२०८१। ०३।२४ | सामाजिक परीक्षण | आज्ञा रिशर्च प्रा लि | २०८०। ११।१४ | ३,४४,००० | कार्यान्वियनकै चरणमा रहेको |
| | जम्मा | | | | | ३,४४,००० | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्षमा डि.पि.आर. गरेका २ वटा योजनाहरुमध्ये १ योजनामा रु. ३४४००० भुक्तानी भएकोमा उक्त योजनाहरु हालसम्म कार्यान्वियनमा आउन सकेको देखिएन । त्यसैले कार्यान्वियनमा हुन सक्ने र प्राथामिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परामर्श सेवा लिने तर्फ ध्यान दिनुपर्दछ ।

६२ **ईन्टरनेट जडानः**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को व्यवस्था अनुसार पालिका भित्रका ५३ विद्यालयमा विलका आधारमा ईन्टरनेट जडानका लागी प्रति विद्यालय रु. १२ हजार का दरले जम्मा रु. ६३६०००।०० अनुदान भुक्तानी भएकोमा सम्वन्धित विद्यालयमा ईन्टरनेट जडान भए नभएको सम्वन्धमा पालिकाले अनुगमन गरेको पाईएन ।

६३ **पाठ्यपुस्तकः**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं.२.४.६.१ अनुसार पालिकाले ५१ वटा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान रु.१९७३१८१।०० उपलब्ध गराएकोमा विद्यालयहरुले लेखापरीक्षण अवधि सम्म पनि पाठयपुस्तक खरिद गरेको बिल र बिधार्थिलाई बुझाएको भर्पाई पेश गरेको नपाईएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,७३,१८१ |

६४ **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

६५ **अनुगमन रिपोर्ट पेश नभएको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बील भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको भौ.नं ३०७।२०८१-३-२३ बाट विद्यालयहरुको सुपरीवेक्षण कार्यक्रम वापत १० जना लाई अनुगमन भत्ता भुक्तानी भएकोमा कहाँ कुन दिन कुन विद्यालय अनुगमन गरेको हो सोको अनुगमन रिपोर्ट पेश नभएको रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५६,००० |

६६ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विधालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको ब्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५७ सामुदायिक विधालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विधार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विधालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये राहत / करार | रिक्त दरबन्दी | बिधार्थि संख्या |
|---|---|---|---|---|---|
| सामुदायिक | ३०९ | २०३ | १०५ | १ | ३५४३ |

दरवन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

६७ **छात्रवृत्ति :**

२७१-२०८१।३।२० कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ (क) अनुसार गैह्र आवासीय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागका आधारमा तेस्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने र विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्ने एवँ स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने उल्लेख भएकोमा पालिकाले ५१ वटा बिधालयलाई रु.५३५४००।०० छात्रवृत्ति अनुदान दिएकोमा बिधार्थीलाई वितरण गरेको रकमको भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३५,४०० |

६८ **विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान :**

कार्यक्रम कार्यन्वयन पुस्तीका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिका भित्रका विद्यालयबाट छनोट गरी पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु. ६ लाख ५० हजार अनुदान दिने व्यवस्था रहेको छ । त्यस अनुदान रकमबाट कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन लगायत कर दाखिला भौचर सम्बन्धित स्थानिय तहलाई बुझाउनु पर्दछ।

पालिकाले निम्न विद्यालयलाई विज्ञान प्रयोगशाला पुस्तकालय र आई सि टी ल्यावका लागी लागि रु. ६,५०,००० का दरले अनुदान दिएकोमा विद्यालयले आयकर ऐन,२०५८ को अनुसूची १ बमोजिम अग्रिम कर कट्टा नगरी खर्च गरेकोले सम्वन्धित विद्यालयवाट १.५ प्रतिशतले हुन आउने अग्रिम कर असुल गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| बिधालयको नाम | विवरण | अनुदान रकम | अग्रिम कर ( १.५% ) |
|---|---|---|---|
| तुलोदय माध्यमिक बिधालय | पुस्तकालय तथा ICT ब्यवस्थापन | ६५०००० | ९७५०।- |
| जनसिद्ध माध्यमिक बिधालय | बिज्ञान प्रयोगशाला ब्यबस्थापन | ६५०००० | ९७५०।- |
| पशुपति माध्यमिक बिधालय | पुस्तकालय ब्यबस्थापन | ६५०००० | ९७५०।- |
| हलहले आधारभूत विधालय | पुस्तकालय ब्यबस्थापन | ६५०००० | ९७५०।- |
| नवजागृत माध्यमिक विधालय | बिज्ञान प्रयोगशाला ब्यबस्थापन | ६५०००० | ९७५०।- |
| | | जम्मा | ४८७५०।- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,७५० |

६९ **आर्थिक लेखापरीक्षण :**

कार्यक्रम कार्यान्वियन पुस्तिकाकाको क्रियाकलाप नं २.७.१३.१० मा विद्यालयहरुलाई आर्थिक लेखापरीक्षण गर्नका लागि आधारभुत विद्यालयलाई प्रति विद्यालय रु. १०,००० र माध्यमिक विद्यालयलाई प्रति विद्यालय रु. १५,००० का दरले अनुदान उपलव्ध गराउने व्यवस्थानुसार पालिकाद्धारा भौ.नं १००।२०८०-१२-१२ बाट ४९ वटा विद्यालयहरुलाई आर्थिक लेखापरीक्षणको लागी रु. ५४५०००।०० निकासा भएकोमा लेखापरीक्षणको अवधिसम्म आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४५,००० |

७० **सामुदायिक सिकाई केन्द्र :**

कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०/ ०८१ को क्रियाकलाप नं. २.७.१३.११ को बुँदा नं. ६.७ अनुसार स्थानीय तहले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरेको, वार्षिक साधारण सभा भएको, साधरण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व.को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको, शैक्षिक सूचना ब्यबस्थापन प्रणाली भरेको केन्द्रलाई एकमुष्ट रु. २५०००० रकम अनुदान उपलब्ध गराउने व्यवस्था हुनुको साथै उक्त अनुदान रकमबाट सामुदायिक सिकाई केन्द्रको ब्यबस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रु.१०००० का दरले १२ महिना पारिश्रमिक र चाडपर्व खर्च भुक्तानी गर्ने उल्लेख भएकोमा पालिकाले रामजा देउराली सामुदायिक सिकाई केन्द्रलाई रु.१०००००।– मापदण्डमा उल्लेख भएको कागजात बेगर नै निकासा दिएको अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

७१ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७३७ जना रहेका छन। पालिकाले भौ. नं. २७२।२०८१-३-२० बाट १०९५५ थान स्यानिटरी प्याड रु. ९७४९८१।०० (म अ कर समेत) मा खरिद गरेको छ। खरिद गरेको स्यानिटरी प्याड १९ वटा विधालयलाई १०९५५ थान वितरण गर्न बाँकी रहेको छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुका साथै खरीद गरीएका सामान बिधालयलाई समयमै हस्तान्तरण गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७४,९८१ |

७२ **शिक्षक विद्यार्थी अनुपातः**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत रहेका ५७ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७३ **अनुदानको अनुगमन :**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि तर्फ ५ कार्यक्रम र पशु तर्फ ९ कार्यक्रमको अनुदानमा रु. २१५००००।- खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७४ **नपाउने बैठक भत्ता :**

भौ.नं.३२९।०८१-३-२४ बाट कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रममा पालिकाले मोदी गाँउपालिकाको खर्चको मापदण्ड,२०७८ नियम १ (क), (ग) बमोजिम बैठक भत्ता प्रदान गर्ने आधारहरुमा बैठक सार्वजनिक विदाको दिन वा कार्यालय समय अघि पछि बसेको हुनुपर्दछ ।एउटै निकाय अन्तर्गतका पदाधिकारिहरु र कर्मचारिहरु मात्र बस्ने बैठकमा भत्ता उपलब्ध गराइने छैन भन्ने ब्यबस्था रहेकोमा निम्न बमोजिमका पदाधिकारी तथा कर्मचारीहरुले मापदण्डले तोके विपरित बैठक भत्ता बुझिलिएकोमा सम्वन्धित बाट असुल हुनुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम, थर | बैठक संख्या | भुक्तानी रकम | कर कट्टी पछीको भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | राम प्रसाद शर्मा | १ | १००० | ८५० |
| २ | गोपाल पासी | १ | १००० | ८५० |
| ३ | प्रविन पोखरेल | १ | १००० | ८५० |
| ४ | दिपक शर्मा | १ | १००० | ८५० |
| ५ | सिता कुमारी शर्मा | १ | १००० | ८५० |
| ६ | पुन्य कुमारी शर्मा | १ | १००० | ८५० |
| ७ | मनिषा महत | १ | १००० | ८५० |
| ८ | खगराज सुवेदी | १ | १००० | ८५० |
| ९ | राजेन्द्र प्रसाद आचार्य | १ | १००० | ८५० |
| १० | सन्तोष सुबेदी | १ | १००० | ८५० |
| ११ | माधव प्रसाद सापकोटा | १ | १००० | ८५० |
| | | | जम्मा | ९३५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,३५० |

७५ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका १२ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९९ जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु.५२ लाख ५२ खर्च गरेको छ। लक्षित वर्गलाई औषत ८० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।

७६ **तलबी प्रतिबेदन :**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाका स्वास्थ्य तर्फका ४१ जना स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि तलवमा खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

७७ **औषधि खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहरुले उक्त प्रक्रिया वेगर रु.१२२४३५४।०० को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।

· आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

· औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।तसर्थ औषधिको खरिद, आपुर्ति, दाखिला तथा खर्चको विवरण अधावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरीएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मोदी गाउँपालिका, पर्बत , मोदी गाउँपालिका , पर्वत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामप्रसाद शर्मा | २०८०-७-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खगराज सुवेदी | २०८०-१०-२८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८८३,६१५ | ६,९७५,४६१ | ५,७९६,७४१ | ० | ० | ६,४२५,४५६ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २०,०८१,२७३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २०,०८१,२७३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २४३८३५४२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६९८१३६३५ | चालु खर्च | ४०५६४२९४६ |
| प्रदेश सरकारबाट अनुदान | १७३१८२९३ | पूँजीगत खर्च | ९८५४७६६४ |
| राजश्व बाँडफाँट | ९६९४०९६९ | वित्तीय/अन्य व्यवस्था | १२९१९२७९ |
| आन्तरिक आय | ११२६७८२३ | | |
| अन्य आय | १०७३८४०९ | | |
| कुल आय | ५०६०७९१२९ | कुल खर्च | ५१७१०९८८९ |
| बाँकी मौज्दात | | १३३५२७८२ | |

## अनुसूची - २

## बेरूजु दफा ७२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र. सं | विद्यालयको नाम | शिक्षक संख्या | विधार्थि संख्या | शिक्षक विधार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री भुक देउराली मा. वि . | १४ | १२३ | १:०९ |
| २ | श्री नव ज्योति थम मा. वि . | १६ | १५७ | १:१० |
| ३ | श्री झिलिबराङ आ. बि . | ७ | ७५ | १:११ |
| ४ | श्री सिद्ध आ. वि . | ० | ७ | |
| ५ | श्री भवानी आ. वि . | ७ | ७० | १:१० |
| ६ | श्री जनप्रिय आ. वि . | ३ | ३३ | १:११ |
| ७ | श्री जननेत्र मा. वि . | १६ | २६३ | १:१७ |
| ८ | श्री पशुपति आ. वि . | ९ | ४३ | १:०५ |
| ९ | श्री आदर्श आ. वि . | ३ | २४ | १:०८ |
| १० | श्री प्रभावकारी आ. वि . | ३ | ३९ | १:१३ |
| ११ | श्री शिव आ. वि . | ३ | २७ | १:०९ |
| १२ | श्री सिद्धेश्वरी आ. वि . | २ | १५ | १:०८ |
| १३ | श्री हिमालय मा. वि . | १५ | १३२ | १:०९ |
| १४ | श्री विधाज्योती | ४ | ५१ | १:१३ |

| | | | | |
|---|---|---|---|---|
| | आ. वि . | | | |
| १५ | श्री लाड्दी आ. वि . | ३ | ३६ | १:१२ |
| १६ | श्री जनज्योती आ. वि . | ३ | ४६ | १:१६ |
| १७ | श्री जनकल्याण आ. वि . | २ | ११ | १:०६ |
| १८ | श्री घुरुङ्गा आ. वि . | २ | ९ | १:०५ |
| १९ | श्री शालिजा मा. वि . | १२ | ८९ | १:०८ |
| २० | श्री वाजुङ आ. वि . | ७ | ७८ | १:१२ |
| २१ | श्री गुरुङ्ग गाउँ आ. वि . | ६ | ५७ | १:१० |
| २२ | श्री हलहले आ. वि . | ७ | ५७ | १:०९ |
| २३ | श्री महेन्द्र शिखरी मा. वि . | १७ | २०४ | १:१२ |
| २४ | श्री सरस्वती मा. वि . | १६ | २७१ | १:१७ |
| २५ | श्री जन आदर्श आ. वि . | ७ | ४४ | १:०७ |
| २६ | श्री विश्वशान्ति आ. वि . | ४ | ५७ | १:१५ |
| २७ | श्री सिद्धार्थ आ. वि . | ४ | ५२ | १:१३ |
| २८ | श्री कृष्ण आ. वि . | २ | २९ | १:१५ |
| २९ | श्री मनकामना | १ | ९ | १:०९ |

| | | | | |
|---|---|---|---|---|
| | आ. वि . | | | |
| ३० | श्री बालज्योति आ. वि . | ३ | २१ | १:०७ |
| ३१ | श्री रिभर साईड आ. वि . | २ | ११ | १:०६ |
| ३२ | श्री नव जागृत मा. वि . | १९ | ५७० | १:३० |
| ३३ | श्री तुलोदय मा. वि . | १५ | १०७ | १:०८ |
| ३४ | श्री जनप्रकाश आ. वि . | २ | १५ | १:०८ |
| ३५ | श्री महेन्द्र आ. वि . | ५ | ३५ | १:०७ |
| ३६ | श्री पञ्चस्वरुप आ. वि . | ५ | ६९ | १:१४ |
| ३७ | श्री नवदुर्गा आ. वि . | ३ | २७ | १:०९ |
| ३८ | श्री नवज्योती आ. वि . | ४ | ६५ | १:१७ |
| ३९ | श्री हरि आ. वि . | १ | १२ | १:१२ |
| ४० | श्री ज्ञानेन्द्र आ. वि . | ३ | ३५ | १:१३ |
| ४१ | श्री डिमुवा आ. वि . | ५ | ७२ | १:१५ |
| ४२ | श्री पशुपति मा. वि | १८ | १५९ | १:०९ |
| ४३ | श्री सरस्वती आ. वि . | ४ | २० | १:०५ |
| ४४ | श्री सिद्ध आ. वि . | १ | १५ | १:१५ |
| ४५ | श्री जीवन | ३ | १८ | १:०६ |

| | | | | |
|---|---|---|---|---|
| | ज्योति आ. वि . | | | |
| ४६ | श्री बालकल्याण प्रा. वि . | ० | ६ | |
| ४७ | श्री जनसिद्ध मा. वि . | १३ | १०४ | १:०८ |
| ४८ | श्री भुमी आ. वि . | १ | १५ | १:१५ |
| ४९ | श्री धौलाश्री आ. वि . | २ | १६ | १:०८ |
| ५० | श्री पञ्चकोशी आ. वि . | ३ | १४ | १:०५ |
| ५१ | श्री लक्ष्मी आ. वि . | २ | २२ | १:११ |
| ५२ | श्री दुर्गा भवानि आ. वि . | ० | १ | |
| ५३ | श्री सिद्ध बराह प्रा. वि . | ० | ६ | |
| | जम्मा | ३०९ | ३५४३ | १:१५ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।